म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ७३ | शनिबार ३ कात्तिक २०८१ | ने. सं. ११४४ कौलागा | 19 October 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नकआउट फुटबलमा नवबुद्ध र रमन्थलीको जित

हेटौंडा, २ कार्तिक/विजया दशमी र शुभदिपावलीको अबसरमा हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरीमा जारी नकआउट फुटबलमा शुक्रबार दुई खेल भएका छन् ।

आधामार टोल विकास संस्थाले आयोजना गरेको प्रतियोगिताअन्तर्गत् शुक्रबारको खेलमा समृद्धि टोल विकासलाई पराजित गर्दै नमोबुद्ध टोल विकास विजय भएको छ । पहिलो खेलमा समृद्धिलाई २-१ गोल अन्तरगतले पराजित गर्दै नवबुद्धले जित निकालेको हो । दोस्रो खेलमा रमन्थली टोल विकासले गौरब टोल विकासलाई ३-० गोल अन्तरगत पराजित गरेको छ ।

बिहीबारबाट सुरु भएको उक्त प्रतियोगिता कात्तिक १४ गतेसम्म संचालन हुनेछ । प्रतियोगिताको आज शनिवार पनि दुई खेल हुनेछन् । आज मुस्कान टोल विकास र पदमसम्बद टोल विकासबीच पहिलो खेल र हिमचुली र सृजनशील टोल विकास संस्थाबीच दोस्रो खेल हुनेछ । प्रतियोगिताको प्रथम हुने समूहले ५० हजार रुपैया र द्वितीय हुने समूहले २५ हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ ।

# प्रदेश लोकसेवा आयोग अध्यक्षमा श्रेष्ठ सिफारिस, असन्तुष्टि जनाउँदै ढकालको राजीनामा

साझाकुरा संवाददाता





हेटौंडा, २ कार्तिक/ सरकारले विगत ७ महिनादेखि रिक्त बागमती प्रदेश लोकसेवा आयोगको अध्यक्षमा महेश्वर श्रेष्ठको नाम सिफारिस गरेको छ ।

मुख्यमन्त्रीको अध्यक्षतामा सभामुख र विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले श्रेष्ठलाई आयोगको अध्यक्षमा नियुक्त गर्न प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गर्ने निर्णय गरेको छ । मुख्यमन्त्री बहादुर सिं लामा, सभामुख भुवनकुमार पाठक र विपक्षी दलको नेता शालिकराम जम्मकट्टेको ३ सदस्यीय सिफारिस समितिले २१ असोजमा उक्त निर्णय गरेको हो ।

२ मंसिर २०७६ मा गठित आयोगको अध्यक्ष सुरेशमान श्रेष्ठको उमेर हदका कारण अध्यक्ष ३ चैत २०८० बाट पदमुक्त भएका थिए । अध्यक्ष वा सदस्यको पद रिक्त निजको उमेर ६५ वर्ष पूरा भएका हुने प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ६ को (ख) मा व्यवस्था गरिएको छ । पटक-पटक सरकार परिवर्तन र सत्तारुढ दलहरुबीच सहमति हुन नसक्दा ७ महिनादेखि आयोगको अध्यक्ष नियुक्ति रोकिएको थियो ।

आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था छ । प्रदेश लोकसेवा आयोगको अध्यक्ष समितिको सिफारिसमा प्रदेश प्रमुखले नियुक्त र सपथ गराउने कानुनी व्यवस्था छ । समितिले १ कार्तिक बिहीवार मात्रै प्रदेश प्रमुख कार्यालयमा सिफारिस पत्र पठाएको छ । सिफारिस भएका श्रेष्ठ बिहीवार मात्रै सरकारी सेवाबाट अवकाश भएका छन् । उनी लुम्बिनी प्रदेशको बुटवलस्थित स्वास्थ्य तालिम केन्द्रको निर्देशक पदमा कार्यरत् थिए । उनी ११ औं तह सहसचिव हुन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतकाअनुसार बिहीवार बाट मात्रै श्रेष्ठको अवकाश हुने भएकाले पुरानो निर्णय गुपचुपमा राखेर बिहीवार मात्रै प्रदेश प्रमुख कार्यालयमा पठाइएको थियो । श्रेष्ठले आफू बिहीवारबाट अवकाश प्राप्त भएको बताउँदै प्रदेश लोकसेवा आयोगको अध्यक्षमा नाम सिफारिस भएको विषय जानकारी रहेको बताए । प्रदेश प्रमुखको कार्यालयले श्रेष्ठलाई आइतबार नियुक्त गर्ने तयारी गरेको छ । 'उहाँको नियुक्ती आइतबार र सोमबार सपथ गराउने कुरा छ ।' मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले भन्यो ।

प्रदेश लोक सेवा आयोग ऐनको दफा ५ अनुसारको योग्यता भएका व्यक्ति अध्यक्ष बन्न पाउँछन् । आयोगको अध्यक्ष बन्नका लागि दफा ५ (क) र (ख) अनुसार मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनुपर्ने र नियुक्ति हुँदाको समयमा कुनै राजनीतिक दलको सदस्य नभएको हुनुपर्ने व्यवस्था छ । ऐनको दफा ५ (ग) अनुसार अध्यक्ष बन्न ४५ वर्ष र सदस्यको हकमा ३५ वर्ष पूरा भएको हुनुपर्ने छ भने (घ) अनुसार उच्च नैतिक चरित्र भएको योग्यता हुनुपर्ने व्यवस्था छ ।

**असन्तष्ट ढकालले दिए राजीनामा**

श्रेष्ठलाई आयोगको अध्यक्ष नियुक्त गर्न सिफारिस भएपछि आयोगका सदस्य सुर्दशन ढकालले पदबाट राजीनामा दिएका छन् । ११ कार्तिकबाट लागू हुने गरी उनले राजीनामा दिएका हुन् । कनिष्ट व्यक्तिलाई अध्यक्ष नियुक्त गर्न लागिएको भन्दै ढकालले शुक्रबार प्रदेश प्रमुख दिपकप्रसाद देवकोटा समक्ष राजीनामा दिएका हुन् । ६ माघ २०७६ मा नियुक्त भएका ढकालले ४ वर्ष ९ महिना काम गरेर राजीनामा दिए ।

साझाकुरासँग कुरा गर्दै ढकालले सचिव तहको व्यक्तिलाई वा आयोगका सदस्यमध्येबाट अध्यक्ष नियुक्त गर्ने तयारी हुँदाहुँदै कनिष्ट व्यक्ति सिफारिस भएकोप्रति असन्तुष्टि जनाए । 'सचिव तहको व्यक्तिलाई अध्यक्ष बनाउने कुरा थियो । नभए सदस्यबाटै अध्यक्ष बनाउन पर्ने थियो । सहसचिवबाट बनाउने भए कनिष्टलाई ल्याउनु राम्रो होइन,' ढकालले भने ।

'हामीले स्थापनाकालबाट कानुन बनाउँदै काम गरेर आयोगलाई यो अवस्थासम्म ल्याएका हौं । स्थानीय तहमा मात्रै २ हजार जनालाई सिफारिस गरिसकेका छौं । निष्पक्ष र विवादरहित काम गर्दै आयौं । कनिष्ट व्यक्तिलाई अध्यक्ष बनाउँदा यहाँ बस्ने कुरा भएन । त्यसैले मैले राजीनामा दिएको हुँ ।' उनले भने ।

सुरेशमान श्रेष्ठ उमेर हदका कारण पदमुक्त भएपछि ढकालले नै कार्यबाहक अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । डोरमणि पौडेल नेतृत्वको तत्कालीन नेकपा सरकारले सुरेशमान श्रेष्ठलाई अध्यक्ष, सहसचिवबाट अवकाश पाएका ढकाल र शर्मिला न्यौपानेलाई सदस्य नियुक्त गरेको थियो ।

# मनहरीमा उत्पादित दूध गाउँपालिकामार्फत बिक्री सुरु

प्रतिक्षा न्यौपाने



हेटौंडा, २३ असोज/ मकवानपुरको पश्चिमी क्षेत्र मनहरीका किसानहरुले २ कार्तिक शुक्रबारबाट गाउँपालिका कार्यलयमार्फत उत्पादित दूध बिक्री वितरण सुरु गरेका छन् ।

१४०० दूग्ध उत्पादक किसानले अब गाउँपालिका कार्यालय मार्फत दूध बिक्रि गर्ने भएका हुन् । शुक्रबार गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सितापुलामी मगरसहित किसानहरुको उपस्थितिमा दूध बिक्रि कार्यको शुभारम्भ गरिएको छ । शुभारम्भ कार्यक्रममा बोल्दै अध्यक्ष कालाखेतीले यो निर्णयले किसानलाई राहत दिने विश्वास लिए । उनका अनुसार अब किसानहरुले ४-५ महिनासम्म भुक्तानीको लागि कुर्नुपर्ने अवस्थाको अन्त्य भएको छ ।

किसानहरुको पुरानो बक्यौता रकम मंसिर १० गतेभित्र भुक्तानी हुने जानकारी दिइएको छ । गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले यस कदमले किसानको समस्या समाधान हुने र उत्पादनमा वृद्धि हुने विश्वास व्यक्त गरिन् । मनहरी गाउँपालिकामा दैनिक ६ हजार ५ सय देखि ७ हजार लिटर सम्म दूध उत्पादन हुँदै आएको छ। स्थानीय सानाकिसान सहकारीका अध्यक्ष विमला कार्कीले यो निर्णयले किसानहरुलाई सहज हुने र वर्षौंदेखि झेल्दै आएको भुक्तानीको समस्या समाधान हुने आशा व्यक्त गरेकी छिन् ।

जिल्ला सहकारी संघ मार्फत दूध खरिदबिक्री प्रक्रिया टुंग्याउँदै मनहरीका दुग्ध उत्पादक किसान आबद्धता रहेको सहकारीले गाउँपालिकासँग दूध बिक्रीका लागि असोज अन्तिममा सम्झौता गरेका हुन् । किसानहरुले यसअघि जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुरलाई दूध बिक्री गर्दै आएका थिए । गाउँपालिकाभित्र दूध संकलन गरिरहेका ६ वटा सहकारीसँग दूध बिक्री र भुक्तानीको काम गर्नेगरी कार्यालय मातहत कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र स्थापना गरिएको छ ।

जिल्ला संघबाट दूध बिक्री गर्दा भुक्तानी लामो समयसम्म रोकिएको गुनासोपछि गाउँपालिकाले आफैं किसानबाट उत्पादित दूधको जिम्मा लिएको हो । मनहरीका ६ वटा दुग्ध सहकारीमा १४०० जना दुग्ध उत्पादक किसान आवद्ध रहेको गाउँपालिकाको पशुपन्छी विकास शाखाले जनाएको छ । १ नम्बर वडामा क्षितिज दुग्ध उत्पादक सहकारी संस्था, ३ नम्बर वडामा चुरियामाई महिला जीवन वातावरण स्वाबलम्बन बहुद्देश्यीय सहकारी संस्था, नमूना कृषक बहुउद्देश्यीय सहकारी संस्था र साना किसान सहकारी संस्था, ७ र ८ नम्बर वडा कार्य क्षेत्र भएको साना किसान सहकारी तथा ६ नम्बर वडामा संयुक्त जनजागृति दुग्ध उत्पादक सहकारी संस्था छन् ।

गत आार्थिक वर्ष २०८०/८१ को तथ्यांकअनुसार यी ६ वटा सहकारीबाट वार्षिक २१ लाख ६५ हजार ६ सय ७ लिटर दूध उत्पादन भएको छ । दैनिक सरदर ६ हजार भन्दा बढी दूध उत्पादन हुने गरेको जनाइएको छ । पशुपन्छी शाखा प्रमुख डा. प्रदीप बर्तौलाले गाउँपालिकाले सहकारीमा आबद्ध किसानको मात्रै दूध खरिद गर्ने बताए । गाउँपालिकामा सहकारी बाहिरबाट आफ्नै तरिकाले दूध बिक्री गरिरहेका किसान छन् ।

गाउँपालिकाले हेटौंडा उपमहानगरपालिका-१९ नेवारपानीमा अवस्थित हेटौंडा डेरी इडष्ट्रिज प्रालीसँग गत मंगलबार दूध खरिद बिक्रीका लागि सम्झौता गरेको छ । सम्झौतामा गाउँपालिका अध्यक्ष कालाखेती र उद्योगका महाप्रबन्धक उदयराज पण्डितले हस्ताक्षर गरेक छन् । गाउँपालिका केन्द्र रजैयाबाट हेटौंडा डेरी उद्योग करिब एक किलोमिटरको दुरीमा छ ।

गाउँपालिकाले कृषकहरुलाई दूध बिक्रि वापतको भुक्तानी १५-१५ दिनमा गर्ने सुनिश्चिता पनि गरेको गाउँपालिका अध्यक्ष तथा कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र संयोजक रञ्जन कालाखेतीले जानकारी दिए । 'हामी अब कृषकसँग दूध खरिद गर्छौं, हामी नै डेरीलाई दूध बिक्री गरेर कृषकलाई आधा-आधा महिनामा भुक्तानी दिन्छौं ।' उनले भने । कृषकहरुले दु:ख गरेर उत्पादन गरेको दूधको मूल्य समयमै नपाएको कारण गाउँपालिकाले नै यसको जिम्मा लिएको अध्यक्ष कालाखेती बताउँछन् ।

प्राकृतिक प्रकोप, महामारी, बन्द हड्तालबाहेक दशैंको ३ दिन र दिपावलीको २ दिन दूध खरिदबिक्री बन्द हुने जनाइएको छ । हेटौंडा डेरी उद्योगले भुक्तानीमा ढिलाई गरे पनि गाउँपालिकाले किसानलाई अग्रिम भुक्तानी दिने उल्लेख गरे । कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्रबाट १५ दिनमा भुक्तानीको व्यवस्था हुने र उद्योगबाट महिना बितेपछि प्राप्त हुने रकम केन्द्रमा जम्मा हुने उनको भनाई छ ।

गाउँपालिका र हेटौंडा डेरीबीचको सम्झौतामा गुणस्तर कायम रहेको दूध मात्रै खरिद बिक्री हुने उल्लेख छ । तोकिएको न्युनतम गुणस्तर कायम नभए दूध खरिद नगरेमा वा फिर्ता गरेमा कुनै दाबी गर्न नपाइने जनाइएको छ । सरकारी दररेटअनुसार नै खरिदबिक्री गरिने र सरकारले कच्चा दूधको मुल्य वृद्धि गरेमा गाउँपालिका र उद्योगबीच समभ्रदारीमा मुल्य हेरफेर हुने उल्लेख छ । गाउँपालिका र उद्योगबीच २०८२ असार मसान्तसम्म सम्झौता लागु हुने जनाइएको छ ।

# पर्यटक पर्खिरहेको चुरियामाई सुरुङ



साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ जीर्णोद्धार पश्चात चुरियामाई सुरुङ पर्यटकको पखाईमा छ । हेटौंडा उपमहानगरपालिका-१५ स्थित चुरियामाई मन्दिरसँगै रहेको दक्षिण एसियाकै पहिलो सुरुङको पुन:निर्माण भइसकेको हो ।

पुन:निर्माण सकिए पनि सुरुङ पर्यटकका लागि खुला गरिएको छैन् । सर्वसाधारणका लागि खुलाउने तयारी भए पनि यसबारे ठोस निर्णय भने हुन सकेको छैन । २०७९ वैशाख १९ गते जीर्णोद्धार सम्पन्न गर्ने गरी १९८ मिटर लम्बाइको सुरुङ मार्ग पुनर्निर्माण थालिएको थियो । काम सम्पन्न हुँदासम्म यसको लम्बाइ करिब २२५ मिटर पुगेको छ । ऐतिहासिक महत्वको सुरुङ मार्ग पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने उद्देश्यसहित बागमती प्रदेश सरकारले जीर्णोद्धार गराएको हो ।

प्रदेश सरकार अन्तर्गतको प्रदेश यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले सुरुङ पुन:निर्माणका लागि कुल ३ करोड ३६ लाख १३ हजार रुपैयाँमा माउन्टेन इन्फ्रा कम्पनी लिमिटेड काठमाडौंलाई जिम्मेवारी दिएको थियो । सम्झौता अनुसार सुरुङको चौढाइ साढे २ मिटर र उचाइ ३ फिट हुने गरी पहिलेकै स्वरुपमा पुननिर्माण सम्पन्न भएको छ ।

यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाका अनुसार तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा विक्रम सम्वत १९७५/७६ मा निर्माण भएको सुरुङको जीर्णोद्धारको काम सम्पन्न गरेर सञ्चालनका लागि स्थानीय तहलाई बुझाउने तयारी भइरहेको छ । यातायात पूर्वाधार निर्देशनालयका प्रमुख पुष्कर प्रसाद पोखरेलले सुरुङ रहेको स्थानीय तह हेटौंडा उपमहानगरपालिकासँग सञ्चालनको अधिकार हस्तान्तरण गर्ने विषयमा छलफल भइरहेको बताए । सुरुङ मार्गका दुवैतर्फको प्रवेशद्वार खुला रहे पनि बिच भागमा करिब ४० मिटर भासिएको भाग हटाएर मर्मत सम्भार गरिएको थियो ।

# उपमहानगरको नेतृत्वमा फरेष्ट्री क्षेत्रमा सरसफाई, पार्किङ निषेध

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ पछिल्लो समय रात्रिकालमा हुने अनैतिक क्रियाकलापका कारण चर्चामा रहेको हेटौंडा-१० फरेष्ट्री क्षेत्रमा बृहत सरसफाई गरीएको छ ।

पुर्वपश्चिम राजमार्गमा पर्ने फरेष्ट्री क्षेत्रमा हुने ट्रक तथा अन्य सवारीसाधन पार्किङगरी बिभिन्न क्षेत्रबाट हेटौंडा आएका यौनिक अल्पसंख्यकहरुका कारण हुने अनैतिक गतिबिधि रोक्नका लागि हेटौंडा उपमहानगरपालिकाको संयोजनमा बिहीवार सरसफाई कार्यक्रम गरिएको हो । राजमार्ग क्षेत्रमा पर्ने र नजिकै घना जंगलका कारण गलत काम भएको जनगुनासो सँगै फरेष्ट्री क्षेत्रमा सर सफाईसँगै पार्किङ निषेधित क्षेत्र घोषणा समेत गरीएको छ ।

सफाईसँगै उपमहानगरले यसक्षेत्रमा लाईटिङको व्यवस्था गरी थप व्यवस्थित बनाउने तयारी गरेको उपमहानगरका नगर प्रमुख मीनाकुमारी लामाले जानकारी दिइन् । स्थानिय प्रशासनसँगको सहकार्यमा फरेष्ट्रीदेखि कान्तिइश्वरी दरवार क्षेत्रमा सानाठुला सवारीलाई पार्किङका लागि निषेध गरेको उनले बताइन् । अहिले त्यस क्षेत्रमा हरेका बुट्यानहरु हटाइएको छ भने भएका फोहरलाई व्यवस्थापन गरी बजार प्रबेश गर्ने क्षेत्रलाई आर्कर्षक बनाउँने काम भएको बताइएको छ ।

'सफा हटौंडा अभियान' निर्माणअन्तर्गत आयोजित कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, सामुदायीक प्रहरी सेवा केन्द्रको साझेदारी रहेको थियो । कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी तिर्थराज चिलुवाल, हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्यप्रसाद गौतम, मकवानपुरका प्रहरी प्रमुख बिश्वराज खड्का, शसस्त्र प्रहरी बल हेटौंडाका प्रमुख ज्ञानप्रसाद भुर्तेल, हेटौंडा-१० का वडा अध्यक्ष फुर्वा दोर्जे तामाङ, फ्रेण्डस हेटौंडाका कार्यक्रम संयोजक किरण थापा लगाएतको उपस्थितीमा बृहत सफाई कार्यक्रम गरिएको हो ।




सफाईसँगै कार्यक्रममा यौनिक अल्पसंख्यकहरुलाई सचेतना सहित यस क्षेत्रमा हुने गतिबिधि रोक्ने काममा सहयोग गर्न आग्रह गरिएको थियो । यौनिक अल्पसंख्यकहरुलाई अनैतिक गतिविधि रोक्नका लागि हेटौंडा उपमहानगर पालिकाले आवश्यक सहकार्य गर्ने बताइएको छ ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# बिजुली रित्याउँदै एआई, नयाँ प्रविधिको ऊर्जा किन्न गुगलले गऱ्यो विश्वकै पहिलो सम्झौता



सूचना प्रविधि तथा इन्टरनेट क्षेत्रको दिग्गज कम्पनी गुगलले गत सोमबार विश्वकै पहिलो यस्तो कर्पोरेट सम्झौता गरेको छ, जसको उद्देश्य धेरैवटा साना मोडुलर रिएक्टर (small modular reactor) अर्थात एसएमआरबाट विद्युत ऊर्जा खरिद गर्नु रहेको छ ।

कम्पनीले यसको मद्दतले आर्टिफिसियल इन्टेलिजेन्सको ऊर्जा मागलाई पूरा गर्नेछ ।

गुगलले Kairos Power कम्पनीसँग उक्त सम्झौता गरेको हो । काइरोसले सन् २०३० सम्ममा आफ्नो पहिलो एसएमआर बजारमा ल्याउनेछ । त्यसपछि सन् २०३५ सम्ममा अघिल्लो मोड्युलरलाई जोडिनेछ ।

गुगल र काइरोस पावरबीच भएको पछिल्लो सम्झौताका विस्तृत वित्तीय विवरणहरू हालसम्म सार्वजनिक भने गरिएको छैन । तथापि उक्त सम्झौता अनुसार यी रिएक्टर प्लान्टहरु अमेरिकामा तयार गरिनेछ, जसबाट एआई प्रणालीका लागि आवश्यक उर्जाको आपूर्ति गरिनेछ ।

**५०० मेगावाटको ऊर्जा माग**

गुगलका अनुसार उसले कूल ५०० मेगावाट बिजुलीका लागि काइरोससँग उक्त सम्झौता गरेको हो । ७ वटा एसएमआरबाट उक्त ऊर्जा प्राप्त हुनेछ । एसएमआर अहिले उपलब्ध आणविक रिएक्टरको तुलनामा निकै सानो आकारका हुनेछन् ।

स्मरण रहोस् विभिन्न प्रविधि कम्पनीहरुले पछिल्लो समयमा आणविक ऊर्जा उत्पादक कम्पनीहरुसँग साझेदारी गरिरहेका छन् । एआई सिस्टमका लागि आकस्मिक रुपमा निकै धेरै ऊर्जाको माग हुन थालेको छ । जसलाई पूरा गर्नका लागि ठूलो परिमाणको तथा दीगो ऊर्जा उत्पादकसँग प्रविधि कम्पनीहरुले सहकार्य थालेका छन् ।

गत मार्च महिनामा अमेजनले टालेन इनर्जी कम्पनीबाट न्युक्लियर पावर डेटा सेन्टर खरीद गरेको थियो । त्यस्तै गत महिना माइक्रोसफ्ट र कन्स्टेलेसन इनर्जीबीच ऊर्जा सम्झौता भएको थियो, जसअन्तर्गत माइक्रोसफ्टले कन्स्टेलेसन इनर्जीबाट आणविक ऊर्जा प्राप्त गर्नेछ ।

**आफ्नै एआई तयार गर्दै प्रविधि कम्पनीहरू**

गुगल, माइक्रोसफ्ट तथा एप्पल लगायतका विभिन्न कम्पनीहरुले एआई प्रविधिमा काम गरिरहेका छन् ।

भविष्यको मागलाई दृष्टिगत गर्दै अधिकांश कम्पनीहरुले एउटा एआई सिस्टम तयार गर्न चाहन्छन्, जो अन्य कम्पनीहरुभन्दा अधिक समृद्ध तथा सटिक होस् ।

**मोड्युलर रिएक्टर के हो ?**

लघु मोड्युलर रिएक्टर अर्थात् एसएमआर एक प्रकारको परमाणु रिएक्टर हो जुन पारम्परिक परमाणु ऊर्जा संयन्त्रको तुलनामा सानो आकारको हुन्छ भने निकै अत्याधुनिक तथा समृद्ध प्रविधिले युक्त बनाइन्छ ।

एउटा एसएमआरको बिजुली उत्पादन क्षमता ३ सय मेगावाट सम्म हुन्छ । यसलाई कारखाना आदिमा निर्माण गर्न सकिन्छ र कुनै अर्को ठाउँमा पनि सार्न सकिन्छ ।

# थ्रेड्समा नयाँ फिचर, पोस्ट एडिट गर्न सकिने



मेटा स्वामित्वको माइक्रो ब्लगिङ साइट थ्रेड्समा एउटा महत्वपूर्ण फिचर आएको छ जुन अर्को सोसल मिडिया प्लाटफर्म एक्सको सबैभन्दा लोकप्रिय तथा डिमाण्डिङ फिचर हो । जस अनुसार थ्रेड्सका प्रयोगकर्ताले पनि अब आफूले गरेका पोस्ट एडिट गर्न सक्नेछन् ।

हाल थ्रेड्सको बेटा भर्सनका प्रयोगकर्ताका लागि यो फिचर उपलब्ध गराइएको छ । रिपोर्ट अनुसार थ्रेड्स प्रयोगकर्तालाई कुनै पनि पोस्टलाई एडिट गर्नका लागि १५ मिनेटको समय उपलब्ध हुनेछ । जबकि एक्समा कुनैपनि पोस्टलाई एडिट गर्नका लागि एक घण्टाको समय पाइन्छ । तथापि यो सुविधा केवल सशुल्क प्रयोगकर्ताका लागि मात्रै उपलब्ध छ।

थ्रेड्सको नयाँ एडिट बटनले प्रयोगकर्तालाई आृनो पोस्ट प्रकाशित भएको १५ मिनेटपछिसम्म संशोधन गर्ने सुविधा दिन्छ । तर १५ मिनेट बितिसकेपछि उक्त पोस्ट लक हुन्छ र त्यसपछि सो पोस्टलाई एडिट गर्न सकिँदैन ।

एडिट बटनका अलावा थ्रेड्समा लगातार नयाँ नयाँ फिचर थप भइरहेका छन् । हाल थ्रेड्सका प्रयोगकर्ता करीब २० करोड छन् । स्मरण रहोस् एलन मस्कको एक्ससँग टक्कर दिनेगरी मार्क जुकरबर्गले थ्रेड्स लञ्च गरेका थिए । सुरुवातमा थ्रेड्सले ठूलो लोकप्रियता हासिल गर्दै कीर्तिमान नै कायम गरेको थियो । तथापि केही समयमै थ्रेड्सको लोकप्रियता ओह्रालो लागेको थियो ।

**स्वास्थ्य**

# भजाइनल सिस्टको कारण र उपचार



पाठेघरमा मासु पलाएको सुन्नुभएको होला । तर के तपाईंलाई थाहा छ योनीमा पनि मासु पलाउन सक्छ ?

योनीमा मासु पलाउने समस्यालाई चिकित्सकीय भाषा 'भजाइनल सिस्ट' भनिन्छ । जसको बेलैमा पहिचान भयो भने सहजै उपचार हुन्छ । तर ढिलाइ भयो भने अवस्था नाजुक बन्न सक्छ ।

**के हो भजाइनल सिस्ट ?**

योनी वा यसको वरपर तरल पदार्थले भरिएको गाँठो पलाउनुलाई 'भजाइनल सिस्ट' भनिन्छ । यो सानो, ठूलो र कुनै पहिचान गर्ने नसकिने अति सानो आकारको देखा पर्न सक्छ । प्राय: प्रसबको समय, बच्चा जन्माइसकेका र रजोनिवृत्ति भएपछि यो समस्या देखिन सक्छ ।

**कारण**

यो समस्याको कारण एउटा मात्र छैन । चोटपटक, संक्रमण र हर्मोनल परिवर्तनले हुनसक्छ ।

**चोटपटक :** प्रसबको समयमा बच्चा निस्किने क्रममा शल्यक्रिया गर्दा वा योनीको भित्तामा चोटपटक लागेर निस्कन सक्छ । यो समस्या आकस्मिक हुनसक्छ, जसको रोकथाम हुन सक्दैन ।

**ग्रन्थीमा अवरोध :** चोटपटक वा संक्रमणको कारण योनीमा चिप्लोपन गराउने बार्थोलियन ग्रन्थीमा अवरोध आई तरल पदार्थ जम्मा हुँदा मासु पलाउन सक्छ । जसलाई चिकित्सकीय भाषामा बार्थोलियन सिस्ट भनिन्छ । तुलनात्मकरुपमा यो सिस्ट सबैभन्दा बढी देखिन्छ ।

**संक्रमण :** यौन प्रसारित रोग जस्तै गोनोरिया र क्याल्मडियामा हुने कीटाणुले पनि योनी वा त्यसको वरपर मासु पलाउन सक्छ । त्यसैले यौन सम्बन्ध कायम राख्दा कण्डमको अनिवार्य प्रयोग गर्नुपर्छ ।

**जन्मजात :** कसैमा भने यो सिस्ट जन्मजात पनि हुनसक्छ । के कारणले देखा पर्छ भन्ने ठोस कारण पत्ता लागिसकेको छैन ।

**लक्षण**

योनीमा मासु पलाउने बित्तिकै लक्षण देखाउँछ भन्ने हुँदैन । जुन स्वास्थ्य परीक्षण गर्दा बल्ल थाहा हुन्छ । कतिपय अवस्थामा भने केही लक्षण देखापर्छ ।

- योनीको वरपर मासुको डल्ला पलाउनु
- यौन सम्बन्ध राख्दा, हिंड्दा, बस्दा, शौच गर्दा, टिस्यु पेपरले सफा गर्दा र टयाम्पुनको प्रयोग गर्दा दुख्ने र पोल्ने हुनसक्छ ।
- ज्वरो आउन सक्ने ।

**पहिचान**

यो पहिचान गर्न सबैभन्दा पहिला आकार हेरिन्छ । आकारअनुसार कस्तो जाँच गरिने भन्ने तय हुन्छ । कतिपय अवस्थामा क्यान्सर हो कि भनेर पहिचान गर्न बायोस्पी पनि गरिन्छ ।

त्यस्तै, यौन संक्रमण हो कि भनेर पहिचान गर्न त्यसमा भएको तरल पदार्थको जाँच गरिन्छ । जन्मजात 'सिस्ट' बढेको छ भने त्यसको आकार कहाँसम्म फैलिएको छ भनेर एमआर आई गरेर हेरिन्छ ।

**उपचार**

यदि सानो गाँठो छ भने सहन सक्ने तातो पानीले सेक्दा पनि बस्न सक्छ । संक्रमणको कारणले हो भने केही एन्टिबायोटिक औषधि प्रयोगसँगै शल्यक्रिया हुन्छ ।

परीक्षणमा शंकास्पद र आकार ठूलो भएमा सानो शल्यक्रिया गरेर पनि हटाउन सकिन्छ ।

**के यसको रोकथाम हुन्छ ?**

योनीमा मासु पलाउने समस्याको रोकथाम गर्न सकिँदैन । तर सरसफाइमा ध्यान दिने, सुरक्षित शारीरिक सम्बन्ध राख्दा जोखिम कम भने हुनसक्छ ।

**जटिलता**

यदि संक्रमणको कारण सिस्ट देखिएको छ । समयमा उपचार भएन भने उक्त सिस्टबाट संक्रमण रगतमा फैलिन सक्छ ।

त्यसबाहेक पिसाबको नली, पाठेघर हुँदै पेटसम्म फैलिन सक्छ । त्यसैले योनीमा कुनै शंकास्पद गाँठो, मासुको डल्लो जस्तो छाम्दा अनुभव हुन्छ भने तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाइहाल्नुपर्छ ।

**साहित्य**

कथा

# बृद्धपाको गन्थन



✍ सदानन्द अभागी

जेठको गर्मी, तातो हावा, पहाडको खोच, दुई जना बुढाहरू घरको नजिकै पिपलको छहारीमा बसेर दुखेसे पोखि रहेका थिए । उमेरले करिव एक जना ९० वर्ष काटिसकेका थिए निरोगी भएको कारणाले अझै लौरो टेक्न परेको थिएन भने एक जना ८०को हाराहारीमा थिए । ९० वर्षे बृद्ध जस्को नाम मनप्रसाद थियो । धन, धान, पुत्रपुत्रीको हिसावले पनि निकै धनी थिए । ८० वर्षे बृद्ध जसको नाम श्यामप्रसाद थियो तर अलिक कमजोड थिए । ९० वर्षेले ८० वर्षेलाई भने जति समय घर्किंदै गयो उती कष्टदाई जीवन बिताउन बाध्य हुनु पर्दो रहेछ । छैनन् भनौं भने चारभाइ छोरा छन् । दुईबहिनी छोरी छन् । दुई श्रीमती छन् । छन् भनौं भने उमेरले डाँडो काटेको बेलामा म बुढोलाई एक्लै छाडेर आफ्नो आफ्नो बाट्यो लागे । ८० वर्षेले भन्यो हो त नी ठूलदाइ मलाई पनि अचम्मै लाग्यो । अनि भाउजुहरू त दुबै हजुरसँगै हुनुहुन्छ होला नी ? कहाँ हुनु ! माहिलाले आफ्नी आमालाई पहिल्यै देखि पाल्दै आएको थियो । अहिले पनि जेठी श्रीमती माहिलासँगै बसेकी छन् । उनलाई पनि सहज त छैन । उनीले मेरो अंश हरायो भन्दै गुनगुनाउँछिन् । हैन ठूलदाइ जेठी भउजूलाई अंश दिएको हैन र ? किन नहुनु दिएको हो नी । आमालाई फकाइ फुलाइ हामी तराइमा भएको मौका छोपी कुश्मा अड्डामा लगेर बकस गरेछ छोराले । केही दिन अरू छोरा बुहारी कराए । मलाई गन गन सुनाए । मैले पनि बकस दे भनेको होइन । जाउ अड्डामा मुद्दा हाल । मसँग नकराऊ । उसले आमा पालेकै छ । सबै छोरा सक्षम थिए र मुद्दा लडेर कति नै पाइन्छ र भनेर चुप लागेर बसे । हो अन्यायमा परेर सहेर बस्न त नहुने हो । झै झगडा गर्नु पनि राम्रो त होइन । श्यामले सोध्यो -अनि कान्छी भाउजु नी दाई कता हुनु हुन्छ ? कान्छी श्रीमती पनि निकै रोगी थिइन् । पानी सारेर पनि खान सक्ने अवस्थामा थिइनन् । कान्छी बुहारीले निकै माया दिई । ऊ कान्छातिर नै बस्ने भनेर गाउँबाट सहरतिर लागी । मलाई पनि कान्छा र कान्छीले सहर जाउँ बा भनेका थिए । मेरो मनले मानेन । म एक्लै भए पनि गाउँमै बस्ने निधो लिएँ । सानो उमेर देखि नै मेरो रगत पसीना यही माटोमा भिज्यो । यहाँका जग्गामा , बिरुवा सारें, बाबुआमाको एक्लो छोरो, म सानो छँदा बाबा बडारको बोटबाट लड्नु भयो । अपाङ्ग बाबुलाई पालन पोषण गरें । पहिलो विवाह गरें । छोरा छोरी नभएका पनि होइनन्। छोरा छोरी वर्षैपिच्छे लगातार जन्मन थाले । बाबा अपाङ्ग, आमाले घरको काम गर्न नसकेपछि । घरमा काम गर्ने मानिसको अभाव खड्क्यो । म दोधारमा परें । के गरुँ के गरुँ दोधारे मन भयो । गाउँमै एकदमै परिश्रमी नानी थिइन् । कहिलेकाँही कसै कसैले तेरो घर धान्न सक्ने त यो केटी छ विवाह गर्छस् ? सौता माथि अनि तीन तीन ओटा छोराछोरी माथि कसले केटी दिन्छ र विवाह गर्ने ? म मन मनै प्रश्नवाची हुन्थे । एक दिन लहड चल्यो रामले यो केटी विवाह गर्छस् भनेको थियो । रामेलाई नै धनेले छोरी दिन्छ भने माग्न त भन्न मन लाग्यो । रामेले मेरो काम गर्न पाएकोमा निकै रमायो । भनुँ, साच्चि हो ? उसले प्रशन तेर्स्यायो । मैले पनि विश्वास दिलाउने गरेर साँचो हो भने । ऊ दौडेर धनेकोमा पुग्यो । कुरा राख्यो । धनेले पत्याउन सकेन । ऊ प्रश्नवाची भयो साच्चै हो र ? मेरी छोरी त्यत्रो साहुको छोराले विवाह गर्छ त ? ऊ बाध्यतामा छ । श्रीमती वर्षेनी सुत्केरी भएकी छ । घरमा काम गर्ने मानिस छैन । गरिबका छोरी धनीले विवाह गर्ने भनेको यस्तै वेलामा र यस्तै अवस्थामा त हो नी । सौता भएर के भयो ? कान्छी श्रीमती हुन्छे । सम्पत्ति उसैका हातमा हुन्छ । धने धेरै बेर अल्झियो । सौता साथै झटकेला झटकेली भएको घरमा, धनसम्पत्ति धेरै छ भन्दैमा छोरीको विवाह गरिदिंदा भोली छोरीले दु:ख पाउन पनि सक्छे । दिनभरी काम गरेर एक माना कमाएर आनन्दसँग श्रीमान श्रीमती बसेर हाँसी हाँसी खानु नै स्वर्गको आनन्द पाउनु हो । मेरो छोरीमा के छैन ? रूप छ ,सीप छ, अनुशासन छ,आमाको निगरानीमा बसेकी छ , कर्मशील छ छोरी । धने अलमलमा परेको देखेर रामेले के सोच्दै छस् त ? छोरीले दु:ख पाउँछे भनेर हो ? धन्दा नमान दु:ख पाउँदिन विश्वास लाग्दैन भने गैरी खेत नै जिउनी लेखाइ दिन्छु । धनेले त्यसो केही हैन गोडधुवा, जन्ती खर्च केही जोडजाम गर्न सक्दिन । एकदिनको इज्जत राखिदिनै पऱ्यो । धनको अभावले गर्दा त छोरीको उमेर बढेर गएको हो ।धनेका कुरा सुनेर रामेले, धन्दा नमान सकेसम्म विवाह खर्च पनि मागिदिम्ला भन्यो । छोरी बेच्ने काम त म गर्दिन । गरिब छु तर हरिप छैन धनेले भन्यो । घर सल्लाह त गर्नै पऱ्यो नि श्रीमती ले के भन्छिन् । हुन्छ ! हुन्छ ! कि मैले नै राखिदिउँ कुरा । पर्दैन म नै कुरा गर्छु । किन दवाव हाल्ने ? धनेले रामेलाई भन्यो । भोली तपाईंले जवाफ पाउनु हुनेछ । धने निकै चिन्तित मुद्रामा खेतबाट घर आयो । उसको मनमा कौतुहलता उठ्छ बिलाउँछ । घरमा श्रीमतीले खाना बनाएर बसेकी हुन्छिन् । उसलाई खाना खान पनि मन छैन । श्रीमानको चिन्ताजनक अवस्थालाई देखेर श्रमितीलाई पनि खुलदुली उठ्यो तर धैर्यता लिइन् र खाना खान जाउँ भनिन् । खाना खाने काम सकियो । धने बिस्तरातिर लाग्यो । श्रीमतीले खाएका भाँडा माझेर श्रीमानको आडामा गएर बसिन् । बिस्तारै दुबैको भलाकुसारी चल्न थाल्यो । धनेले आज एउटा सन्देश आएको छ भनेर श्रीमतीलाई कुरा सुनायो । सुन्तलीले गम्भिर रूपमा के सन्देश होला भनेर कुरा कोट्याई । धनेले अकमकिदै डाँडा घरे साहुले दोस्रो विवाह गर्ने अरे छोरी माग्न पठाएका छन् । सुन्तली झस्किदै भनी छोरा छोरी भै सकेका छन् किन विवाह गर्न पऱ्यो अरे । घरमा काम गर्ने मानिसको खाँचो भयो अरे विवाह नगरी भएन अरे । रामेले त्यही कुरा लिएर आएको थियो । मैले निधो दिएको छैन । तिम्रो विचार के छ सोधेर भोली कुरा गरौंला भनेर पठाएँ । सुन्तली निकै भावुक भई । आफ्नो घरको स्थिति केलाई, छोरीको विवाहको समय पनि गुज्रदै थियो । घरी घरी सौता माथी छोरी दिने भन्दै झस्किन्थि भने घरी घरी दुई तीन विवाह नभएका घरै थिएनन् । गाउँका धनीहरूले दुई तीन विवाह गरेकै छन् ।सम्पत्तिको रेलोखेलो छ । निकै सोचमा परी । भोली छोरीले दु:ख त पाउँदिन हो बुढा ? सुन्तलीको मुखबाट आवाज निस्कन्छ । धनेले पीर मान्न पर्दैन जिउनी लेखाइ दिन्छु पनि भनेको छ । ठीक छ सर्वप्रथम साहुलाई बोलाम र दोस्रो विवाहको कारण सोधौं । त्यत्रो ठूलो मानिसले दिएको बचन निश्चय पनि खेर जाँदैन होला ? छोरी मात्रै खोजेको हो कि सम्पत्ति पनि ? मेरी छोरीलाई भोली कसरी रेखदेख गर्छ । सबै कबोल गराएर मात्र निधो गरौंला सुन्तलीले भनी । मानिस विवसताको दास हो । लामो समय सम्म धने र सुन्तलीले छोरीको विवाहको बारेमा मनन् चिन्तन गरे । विवस परिस्थितिले निम्त्याएको असहजतालाई कसरी पार लगाउने भन्ने चिन्ताले सताउँदा सताउँदै दुबै निदाए ।

म धनेको घरमा पुगें । सुन्तली हुनेवाली सासूले आफ्ना जिज्ञासाहरू राखिन् । मैलै पनि उनको धारणालाई बुझें। उनलाई विश्वास दिलाएँ र मैले दोस्रो विवाह गरें । यसरी दुई विवाह गरे पनि धेरै छोरा छोरी जन्माए पनि हाम्रो उखान नै छ कि बाह्र छोरा तेह्र नाति बुढाको थैलो काँधै माथि । अहिले यही अवस्थामा गुज्रेको छ मेरो जिन्दगी । मनप्रसाद एकोहोरो बोली रहेकोमा उनी बोल्न छाडे र श्यामप्रसादतिर फर्केर मैले सारा जीवन कथा बताउन लागें श्याम भाइ अब तिम्रा कुरा पनि सुनौं न त के छ घरको सन्चो विसन्चो? कसरी चलेको छ जिन्दगी ? भन्दै मनप्रसाद श्यामप्रसादतिर हेर्न थाले ।

के भनौं दाइ जीवनका हरेक कदम संघर्षमा जुटेका छन् । धन हुनेका धन्दा हुन्छन् भने जस्तै म तपाई जस्तो धनी पनि भइन र गरिब नै भनेर खानै नपुग्नेमा पनि रहिन । मेरो जिन्दगी तपाइँको भन्दा निकै फरक छ र मलाई सन्तोष पनि छ । दुई सन्तान ईश्वरको वरदान भने जस्तै धेरै छोराछोरी बनाउने भाग्य मैले पाइन । प्रकृतिले जे जति दिए त्यतिमै सन्तोष लिएँ । हुन त मलाई पनि दोस्रो विवाह गर भनेका थिए । समय त्यस्तै थियो । दुईटी नहुनेलाई नामर्द रहेछ भन्ने चलन पनि थियो । मैले श्रीमती थुपारेर मर्द बन्न चाहिन । कानुनले पनि दुई विवाहमा बन्देज लगाएको पनि थियो । मैले कानुनको पालना गरें । दुई विवाह गर्ने गल्ती गरिन । मानिसले मजाकमा भन्ने गर्दछन् -'तीन गोरुको हल पक्का दुई जोईको घरपक्का ।' यतिमात्र कहाँ हो र 'जस्का छोरा उसको धन, जस्का भैंसी उसको वन ' । यी सबै उखानलाई मनन् गर्दै समयको परिवर्तनलाई ख्याल गर्दे शनै शनै यी दुबै उखानले पनि बाटो लिइसकेका छन् भन्ने मनमा धारणा पलायो । हामी जन्मदाको समय र हाम्रो यो बृद्धपाको समयमा धेरै परिवर्तन आइसकेको छ । एकातिर युवाहरू विदेश पलायन भएका छन् । खेतबारी बाँझो बन्दै छ । धेरै छोराछोरी हुनेवालाको दुर्गति बढ्दो छ । व्यवस्थापन मिलाउनै गाह्रो । धेरै छोराछोरी भएभने बुढेसकालमा हेरबिचार गर्दछन् । त्यो पनि हुँदो रहेनछ । आज म हजुरको अघि खडा छु । खोइ त तपाइँको भावनालाई कदर गरेको । तपाइँकोमा त कोही न कोही आखिरमा काम लाग्ने जोई र पोइ भन्ने उखानले पनि काम गरेन । दुई दुईटी श्रीमती मर्ने वेलामा साथमा एउटै छैनन् । सुन्छु आमा पाल्नेले पनि बुढ्यौली चाहियो भनेर गन गन सुनाई रहेका छन् अरे । बुढेसकाल निकै कठिन हुँदो रहेछ । मानिस भाग्य मानी तब हुँदो रहेछ । जब घर परिवार मिलेको होस् । आटोपीठो बाँडीचुँडी खान पाइयोस् । सन्तान धेरै किन चाँहिदो रहेछ र हाम्रो धर्म शास्त्रले नै भनेको छ -१०० मुर्ख सन्तान हुनु भन्दा एक गुणवान पुत्र नै असल हुन्छ । हुन पनि हो । मैले धेरैका छोरा देखेको छु गुणवान छन् कर्मशील छन् मातापितालाई देवता सम्झन्छन् । बुहारी पनि सुशील छन् । बुढाबुढीको सेवा गर्छिन् । छोरीले दिने माया बुहारीले दिन्छिन् । घर नै मन्दिर बनाएका छन् । यस्तै हो दाइ, छोरा बुहारीले पनि धेरै सन्तान जन्माउन चाहँदैनन् । हामी दुई हाम्रा दुई भनाइलाई चरितार्थ पार्दै गएका छन् । कुरा गर्न त धेरै मन थियो तर के गर्ने ? छोरीको घरमा जान हिडेको । जान पनि एक लर्कन नै बाँकी छ । आखिरमा बुढेसकाल निकै कष्टकर हुन्छ । यसलाई सहज बनाउने काम हाम्रो पनि हो । मनकारी छोराबुहारी रोज्नु होस् र मधेसमै झर्नु होस् । ल त दाइ विदा पाम् ....।

# जुठो


✍ अर्जुन दाहाल

सावरी र रामको कथामा
जुठो बयरको प्रसंग छ।
एकछिन सोचौं
के छ र चोखो नितो ?

हामीले फेर्ने श्वास
पहिले कतै कसैले न कसैले
फेरेरै वायुमण्डलमा अवस्थित छ ।
हामीले पिउने पानी
शरीरबाट निस्किएर
पानीको चक्र पूरा गरी
फेरि हामी नै पिउँदछौं ।
हामीले भोग गर्ने अन्न
उत्पन्न र विनाशको सिलसिलामा
शरीर भित्र र बाहिर हुँदै
काचो देखि मल हुँदै,
हामी नै भोग गर्दछौं ।
यस संसारमा चोखो भन्ने चीज
उत्पत्ति भएर अहिलेसम्म आइपुग्दा
केही पनि भेटिंदैन ।

सायद यी यावत् कुरा
रामले सावरिलाई भन्न सकेनन
तर हामी
हाम्रो शरीरको पहिलो भाग खोजी
जुठो र चोखो को भ्रम र घिनमा
जीवन निर्वाह गरिरहन्छौं
जय श्री राम भनी ।

**चित्रकला**





# दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# बाढीले मुहान र पाइप बगाउँदा काभ्रेमा पानीको हाहाकार



काठमाडौं/बाढीले मुहान र पाइपमा क्षति पुऱ्याएपछि काभ्रेका धुलिखेल, बनेपा, पनौती र तेमाल क्षेत्रमा खानेपानीको हाहाकार भएको छ । असोज ११ र १२ गते आएको बाढीपहिरोले मुहानसहित पानीको पाइप बगाइदिएको छ ।

खानेपानी आयोजनाका मुहान तथा पाइप लाइन क्षतिग्रस्त हुँदा खानेपानी नियमित वितरणमा समेत समस्या हुन थालेको छ । बनेपा, पनौती, धुलिखेलको खानेपानीको मुख्य स्रोत मानिएको पनौती नगरपालिका-१२ कलाती भूमिडाँडामा बाढी र पहिरोले क्षति पुऱ्याएसँगै सदरमुकाम धुलिखेल तथा पनौती र बनेपा नगरपालिकामा खानेपानी संकट देखिन गएको हो ।

पानी वितरणमा समस्या हुँदा दैनिक २४ लिटरभन्दा बढी खानेपानी खपत हुने ठाउँका स्थानीयले अहिले नगरपालिकाबाट वितरण हुने २ लाख लिटर पानीमा चित्त बुझाउन बाध्य छन् । साविक कलाती भूमिडाँडा गाविसको खार खोला ३६ वर्षअघिदेखि वितरण भइरहेको खानेपानीको मुहान र पाइपमा क्षति पुऱ्याएपछि अहिले त्यसका उपभोक्ता व्याकुल छन् ।

त्यस खानेपानी आयोजनाबाट धुलिखेल नगरपालिकाका ३,४,५,६,७ र ८ नं वडामा मात्र दैनिक २४ लाख लिटर पानी वितरण हुँदै आएको थियो । तर अहिले पानी आउन रोकिएपछि तत्काल समस्या समाधान गर्न बनाइएको डिपबोरिङबाट १ लाख लिटर तथा जंगलका विभिन्न स्रोतबाट १ लाख गरेर २ लाख लिटर मात्र पानी वितरण भइरहेको धुलिखेल खानेपानी उपभोक्ता समितिका सचिव श्याम गनेजुले जानकारी दिए ।

खानेपानी अभाव टार्न दैनिक ट्यांकर र दमकलबाट समेत पानी ल्याएर वितरण गरिएको गनेजुको भनाइ छ । बाढीपहिरोले मुहान क्षेत्रमा ठूलो क्षति पुऱ्याएपछि त्यहाँ स्थानीयले पनि आफ्नो ठाउँका करिब ३ सय घरधुरीलाई पानीको व्यवस्थापन गरेरमात्र लैजान भनेपछि खानेपानी समितिका पदाधिकारी पटक पटक जाँदा पनि पानी जोड्न नसकेको गनेजुले बताए ।

समितिका सचिव गनेजु स्थानीयको माग सम्बोधन गर्न सरकारले नै आवश्यक पहल गरिदिनुपर्ने बताउँछन् । उनले खोनेपानीको मुहान सफा गर्न एक हप्ता लाग्ने तथा पाइपहरु नयाँ फेर्न पर्ने भएकोले काम सुरु गरेको २०/२५ दिनमा धुलिखेलमा पानी ल्याउन सकिने जानकारी दिए ।

स्थानीयले भने खानेपानी ल्याउन कसैले पनि पहल नगरेको गुनासो गर्छन् । साविक कलाती भूमिडाँडा गाविसको खारखोलाबाट ल्याइएको खानेपानी नेपालकै नमुना थियो । उक्त खानेपानी धुलिखेलका ६ वडाका स्थानीय, होटल, धुलिखेल अस्पताल र काठमाडौं विश्वविद्यालय गरी ३५ सय घरधुरीलाई वितरण हुन्थ्यो ।

३६ वर्षअघि त्यस गाविसका बिरामीको धुलिखेल अस्पतालमा छुटमा उपचार, निश्चित कोटामा काठमाडौं विश्वविद्यालयमा छुटमा पढाइ तथा वार्षिक १२ लाखका दरले गाविसलाई रकम दिने सम्झौता बमोजिम खानेपानी ल्याइएको थियो ।

**उपत्यका एकीकृत खानेपानी मुहान पनि पुरियो**

पनौती नगरपालिका-२, बहिरामहादेवमा रहेको काभ्रे उपत्यका एकीकृत खानेपानीको मुहान पुरेको र पाइप पनि बगाएकाले बनेपा क्षेत्रमा खानेपानी समस्या भएको छ ।

बनेपा र पनौतीको बजार क्षेत्रमा खानेपानी वितरण गर्दै आएको खानेपानी संस्थान बनेपाका प्रमुख भुपाल सिं भण्डारीका अनुसार बनेपाको शशिपानी मुहानको मर्मत गरेर पानी ल्याइसके पनि एकीकृत खानेपानीको पानी ल्याउन नसक्दा खानेपानी वितरणमा समस्या भएको बताए ।

भण्डारीले क्षतिग्रस्त मुहान तथा पाइप लाइनको अनुगमन निरीक्षण भइरहेको र क्षतिको विस्तृत विवरणपछि पुन:निर्माणबारे प्रक्रिया थालिने बताए ।

त्यस्तै ४ सय घरधुरीलाई समेटेर संचालन भएको पस्थली बृहत खानेपानी समेत बाढीले क्षति पुऱ्याएको छ । बेथानचोक गाउँपालिका ४ पाटीखर्कको बेतेखोलाबाट ल्याइएको खानेपानीको मुहान र पाइप बगाउँदा पानीको हाहाकार भएको छ ।

करिब ५ करोड लागतमा ४ सय घरधुरीलाई ल्याइएको खानेपानीको मुहानको इन्टेक तथा ३ किलोमिटर पाइप बगाएको खानेपानी समितिका अध्यक्ष नन्दकुमार कार्कीले जानकारी दिए । उक्त आयोजनाको मुहान निर्माण तथा खानेपानी व्यवस्थापनमा स्थानीय श्रमदानमा जिल्ला खानेपानी कार्यालय तथा पनौती नगरपालिकासँग पाइप मागेर अस्थायी रुपमै भएपनि जडान गर्ने काम भइरहेको बताए ।

**आयोजना पूरा नहुँदै क्षतविक्षत्**

तेमालमा सुनकोशी नदीबाट पानी लिफ्टिङ गरी खानोपानी खुवाउने उद्देश्यका साथ तेमाल बृहत् सुक्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना संचालनमा छ । २०७२ असारमा सम्झौता भइ २०७७ साल मंसिरमा सक्ने लक्ष्य राखेर निर्माण भइरहेको आयोजना अझै पूरा हुन सकेको छैन ।

साविक तेमालका १० गाविसका ९ हजार ३१० परिवारका करिब ५५ हजारका लागि खानेपानी आयोजना संचालनमा ल्याउन लागेको थियो । तर यो पटकको बाढी र पहिरोले समेत क्षति पुऱ्याएको छ ।

एक अर्ब २७ करोडको लागतमा सञ्चालन गरिएको आयोजना नेपाल सरकारको ९० प्रतिशत, गाउँपालिकाको एक करोड र स्थानीय उपभोक्ता प्रतिपरिवार एक हजार लगानी छ । बाढीले नदीमा 'फिल्टर' गर्न बनाइएको ट्यांकीमा क्षति पुगेको समितिका अध्यक्ष संग्रामजित लामाले जानकारी दिए ।

**काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाबाट पनि धोका!**

काभ्रेका बनेपा, धुलिखेल र पनौती नगरपालिकाका एक लाख ४० हजार जनसंख्यालाई खानेपानी खुवाउने गरी काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना बनिरहेको थियो । धुलिखेल, बनेपा र पनौती नगर पालिकासहित नेपाल सरकारसमेतको लगानीमा बनिरहेको उक्त आयोजना पनि सञ्चालनमा नआउँदै बाढीले भत्काएको छ ।

पनौती नगरपालिका-२, बहिरामहादेव माथि रोशी खोलामा बनाइएको मुहान तथा मुहानदेखि पनौतीको मल्पीसम्मको पाइप बगाएको छ । सन् २०२४ को अन्तिमसम्म खानेपानी पिउने सपना साँचिरहेका उपभोक्ता फेरि निराश बनेका छन् ।

यसअघि पनि उक्त आयोजनामा सघाइरहेको प्रमुख दाता एसियाली विकास बैंकले हात झिकेपछि आयोजना नै अन्यौलमा परेको थियो । खानेपानी आयोजना निर्माणको ठेक्का चिनियाँ निर्माण व्यवसायी कम्पनी निम्वो निङसिङ इन्टरनेशनल इंकले पाएको थियो ।

निर्माणको ठेक्का पाएको चाइनिज कम्पनीको सन् २०२० नोभेम्बर ३० बाट म्याद सकिएको थियो । १९ डिसेम्बर २०१२ मा ठेकेदार सँग सम्झौता भएको आयोजनाको ठेकेदारले कामको सुरुवात भने १२ जुन २०१३ मा गरेको थियो ।

कार्य सम्पन्न गर्नुपर्ने मिति १२ जुन २०१५ मा भएपनि हाल सम्म खानेपानीको काम पूरा हुन सकेको छैन । ठेकेदारलाई अन्तिम १२ औं पटक म्याद थपेर सक्नुपर्ने मिति ३० नोभेम्बर २०२० भएपनि ठेकेदारको लापरबाहीले गर्दा अहिले २०२४ हुँदा पनि जनताले खानेपानी खान पाएनन् ।

बोर्डका पदाधिकारीहरुले ९७ प्रतिशत काम सकिएको दाबी गरिरहेकै बखत सम्झौता तोडिँदा खानेपानीको व्यग्र प्रतीक्षामा रहेका उपभोक्ताहरु बढी मारमा परे । २ वर्षमा सक्ने गरी अघि बढेको आयोजना एसियाली विकास बैंकले २०७६ मा हात झिकेको थियो । त्यसबेला निर्माणको मुख्य लगानीकर्ता एडीबीले १२ पटकसम्म म्याद थप्दा पनि सम्पन्न नभएर कामको प्रगति नभएपछि आयोजनाबाटै हात झिकेको थियो ।

पटक-पटकको भेरियसनबाट आयोजनाको लागतमा करिब आधा रकम बढेर भ्याटबाहेक ९९ करोड ८ लाख ७ हजार रुपैयाँ पुगेको थियो । तर अहिले बाढीले क्षति पुऱ्याएपछि लागत झन् बढ्ने निश्चित भएको छ ।

बोर्डका अध्यक्ष तथा धुलिखेल नगरपालिकाका प्रमुख अशोककुमार ब्याञ्जू श्रेष्ठले बोर्डका तर्फबाट २०७६ माघ १५ गते जारी प्रेस विज्ञप्ति गर्दै २०७७ जेठभित्र निर्माण पूरा हुने दाबी गरे पनि समयमै निर्माण पूरा नहुँदा उपभोक्ताले पानी पाउन नसकेका हुन् ।

*(स्रोत: अनलाइनखबर)*

# क्यूएफएक्सले 'छक्का पञ्जा ५' र '१२ गाउँ'लाई गऱ्यो 'सुपरहिट' घोषणा




काठमाडौं/दशैंको फूलपातीबाट प्रदर्शनमा आएका दुई फरक जनराका फिल्म 'छक्का पञ्जा ५' र '१२ गाउँ'ले घरेलु बक्स अफिसमा सुनामी ल्याएका छन् । प्रदर्शनको दिनदेखि दुवै फिल्मको आक्रामक व्यापार यथावत् छ । सिंगल थिएटर होस् वा मल्टीप्लेक्स, जताततै दर्शकको भीड देखिन्छ । दशैं बिदामा त टिकट व्यवस्थापन गर्नै हलहरुलाई सकस परेको थियो । दशैं सकिएपछि पनि दुवै फिल्मको क्रेज घटेको छैन । यी दुई फिल्मको व्यापारले फिल्म क्षेत्रमै उत्साह थपेको छ ।

बक्स अफिसमा टक्करको प्रतिस्पर्धा गरिरहेका 'छक्का पञ्जा ५' र '१२ गाउँ'लाई देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले 'सुपरहिट' घोषणा गरेको छ । क्यूएफएक्सको वेबसाइटमा हेर्ने हो भने दुवै फिल्ममा 'सुपरहिट' उल्लेख छ । क्यूएफएक्सले आफ्नो चेनमा भएको व्यापारको आधारमा स्वदेशी र विदेशी फिल्मलाई 'हिट', 'सुपर हिट' र 'ब्लकबस्टर' घोषणा गर्दै आइरहेको छ ।

क्यूएफएक्स चेनमा मात्र होइन, देशका अधिकांश मल्टीप्लेक्सहरुमा 'छक्का पञ्जा ५' र '१२ गाउँ'ले ठूलो व्यापार गरेका छन् । यी दुई फिल्मलाई उपलब्ध गराएका कुनै पनि सोज दर्शक अभावले दशैं बिदा र त्यसपछिका कामकाजी दिनमा पनि 'क्यान्सिल' भएका छैनन् । हरेक सोजमा उच्च अकुपेन्सी देखिएको छ । यसपटक देशभरका हलमा यी दुई फिल्मले वास्तवमै दशैं ल्याइदिएका छन् । दशैं बिदामा मात्र दुई फिल्मले समग्रमा १५ करोडमाथि जोडेका छन् ।

'छक्का पञ्जा ५' र '१२ गाउँ'ले दशैं बिदाको ३/४ दिनमै लगानी उठाएर मुनाफा कमाउन थालिसकेका थिए । बिहीबारसम्म 'छक्का पञ्जा ५'ले ११ करोड र '१२ गाउँ'ले ७ करोडमाथि व्यापार गरेको जानकारी प्राप्त छ । दुवै फिल्म लगभग साढे २ करोडको हाराहारीमा निर्माण भएका हुन् । एक करोड व्यापार हुँदा निर्मातालाई ४५ लाखसम्म सेयर आउँछ । यसअर्थ 'छक्का पञ्जा ५' र '१२ गाउँ' यस वर्षको 'सुपरहिट' फिल्म बनिसकेका छन् ।

**सोज संख्यामा 'छक्का पञ्जा ५'लाई '१२ गाउँ'ले उछिन्यो**

सफल फ्रेन्चाइज भएकाले 'छक्का पञ्जा ५'लाई सुरुमा देशका अधिकांश मल्टीप्लेक्सहरुले फूलपातीका अन्य फिल्मभन्दा बढी सोज दिएका थिए । यसैले फिल्मको इनिसियल व्यापार पनि बढी भयो । तर, दशैं बिदा सकिएसँगै 'छक्का पञ्जा ५' सोजमा खुम्चिन थालेको छ । र, '१२ गाउँ' सोज संख्यामा अगाडि बढेको छ । बुधबारदेखि देशभर सबैभन्दा बढी सोज नै यही फिल्मको छ ।

क्यूएफएक्सले समेत '१२ गाउँ'लाई काठमाडौं उपत्यकामा 'छक्का पञ्जा ५'भन्दा बढी सोज उपलब्ध गराएको छ । शुक्रबारका लागि 'छक्का पञ्जा ५'लाई २६ सोज दिँदा '१२ गाउँ'लाई ३३ सोज दिइएको छ । अकुपेन्सीको आधारमा क्यूएफएक्सले फिल्मको सोज थपघट गर्ने गर्छ । यसको अर्थ '१२ गाउँ'को अकुपेन्सी 'छक्का पञ्जा ५'भन्दा बढी छ भन्ने प्रष्ट बुझिन्छ ।

क्यूएफएक्स चेनले मात्र होइन, काठमाडौंका बिग मुभिग, वान् सिनेमाज्, बिएसआर मुभिज, कीर्तिपुर सिनेप्लेक्स, एफक्युब, धरानको फ्रेन्डस् सिनेमाज्, नेपालगञ्जको सिनेरोयल जस्ता मल्टीप्लेक्सहरुमा पनि 'छक्का पञ्जा ५'भन्दा '१२ गाउँ'कै सोज बढी छ । र, अकुपेन्सी पनि । यसरी हेर्दा अब व्यापारमा '१२ गाउँ' उकालो लाग्न सक्छ ।

कुनै बेला 'छक्का पञ्जा' ब्रान्डसँग भिड्नु भनेको बाघको मुखमा हात हाल्नुसरह मानिन्थ्यो । किनकि, यसको आफ्नै दर्शक छन् । जसले गर्दा यो सिरिजसँग भिड्ने आँट निर्माताले हत्तपत्त गर्दैन थिए । 'छक्का पञ्जा ४'सँग भिड्दा अभिनेता अनमोल केसी अभिनीत फिल्म 'छड्के २'ले हलमा घुँडा टेकेको इतिहास साक्षी छ । तर, यसपटक '१२ गाउँ'ले 'छक्का पञ्जा'को साम्राज्य नै हल्लाएको छ ।

# 'पूर्ण बहादुरको सारङ्गी'को रिलिजबारे प्रकाश भन्छन्, 'मसँग लडी बस्ने इनजी भएन'



काठमाडौं/गायन करिअरको उचाइँमा रहेका प्रकाश सपूत फिल्म 'परदेशी २'बाट हिरो बने । यो फिल्म सफल भएपछि उनलाई अफरको ओइरो लाग्यो । र, दोस्रो फिल्मको रुपमा उनले 'पूर्ण बहादुरको सारङ्गी'मा काम गरे, जुन यही कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शनमा आउँदैछ । यसमा उनले अभिनेता विजय बरालको छोराको भूमिका निभाएका छन्, जो गन्धर्व समुदायका हुन् ।

यो फिल्ममा काम गर्न प्रकाशले एउटा सर्त राखेका थिए । आफ्नो निर्देशन र अभिनय रहने फिल्म 'वसन्त'भन्दा अगाडि रिलिज गर्न नपाउने उनको सर्त थियो । त्यसलाई निर्माताले पनि स्वीकार गरे । तर, अब 'वसन्त'भन्दा अगाडि नै फिल्म रिलिज हुँदैछ । यही कारण निर्मातासँग प्रकाश असन्तुष्ट छन् । बिहीबार ट्रेलर रिलिज कार्यक्रममा पनि उनी उपस्थित भएनन् । यद्यपि, उनले ट्रेलर भने फेसबुकमा सेअर गरेका छन् । तर, गीत र पोस्टर सेअर गरेका छैनन् ।

ट्रेलर रिलिज कार्यक्रममा प्रकाशसँग खटपटको विषयमा निर्माता विनोद पौडेलले स्पष्टीकरण दिएका थिए । 'वसन्त'भन्दा अगाडि रिलिज नगर्ने सहमति भए पनि फिल्मको रिलिज मितिलाई लिएर प्रकाशसँग छलफल गरिएको उनको भनाई थियो । निर्माता पौडेलको यो अभिव्यक्तिपछि शुक्रबार साँझ प्रकाशले फेसबुक स्टाटसमार्फत् अरुको सपना, संघर्ष र ईमानमाथि बेइमानी र बदनामी गर्नेहरुसँग फेरि जोडिन नपरोस् भन्दै निर्माताप्रति घुमाउरो रुपमा कटाक्ष गरेका छन् ।

'पूर्ण बहादुरको सारङ्गी'का लागि कुनै सर्त नराखेको उनको स्पष्टीकरण छ । 'मैले त उहाँहरुलाई आफ्नो समस्या राखेको थिएँ र सोच्ने समय दिएको थिएँ । सोचेरै सम्झौतामा स्पष्ट लेखिएको पनि छ,' उनले अगाडि लेख्छन्, 'फिल्म अचानक प्रदर्शन हुने भएपछि म सरप्राइज भएँ । मसँग लडी बस्ने इनर्जी भएन । मैले केही भन्न सकिनँ ।' उनले यतिबेला आफू 'वसन्त'को छायांकनमा रहेको प्रचारमा समय मिलाउन गाह्रो भएको पनि जनाएका छन् ।

भूमिकाको हिसाबले अरु कलाकारलाई जति 'पूर्ण बहादुरको सारङ्गी'मा आफूलाई भारी अलि कम रहेको उनको भनाई छ । यद्यपि, फिल्मको कथा राम्रो रहेको उनी दाबी गर्छन् । विजय बराल, मुकुन भुषाल जस्ता जीवन्त कलाकारसँग काम गर्न पाएकोमा उनले खुसी व्यक्त गरेका छन् ।

'म यो कथा र आफ्नो पात्र 'कमले'लाई लिएर एकदमै उत्साहित छु र कामना गर्छु 'पूर्ण बहादुरको सारङ्गी' जस्तो कथाहरुसँग जोडिन पाइरहुँ । 'कमले' जस्तो सामान्य पात्र भएर 'बा'को सपना बाँच्न पाइरहुँ,' उनी अन्तिममा लेख्छन्, 'अब सकारात्मक ढंगले 'पूर्ण बहादुरको सारङ्गी'को प्रमोशन गरिनेछ । सबैको मनमा मीठो धुन बजाइनेछ ।'

# भुटानसँग गोलरहित बराबरीमा रोकियो नेपाल

काठमाडौं/फिनिसिङमा चुक्दा नेपालल् साफ वुमन्स च्याम्पियनसिप २०२४ अन्तर्गत आफ्नो पहिलो खेलमा भुटानसँग बराबरीमा रोकिएको छ । त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा भएको खेलमा नेपाल र भुटानले गोलरहित बराबरि खेल्दै अंक बाँडेको हो ।

साफ वुमन्स च्याम्पियनसिप ईतिहासमा नेपाल पहिलो पटक भुटानलाई हराउन असफल रह्यो । साफमा कुनै पनि टिमसँग नेपालको यो पहिलो बराबरी हो । नेपाली गोल मेसिन सावित्रा भण्डारी साम्बा नहुँदा नेपाललाई गोल गर्नै संघर्ष भयो । यस खेलमा सावित्राको अभाव प्रष्ट देखियो ।

युएईको अबुधाबी कन्ट्री क्लबबाट एएफसी वुमन्स च्याम्पियनसिप खेलेर आएकी रेखा पौडेल दोस्रो हाफमा मैदान प्रवेश गरेपनि गोल गर्न सकिनन् । भुटान विरुद्ध नेपालका दुई खेलाडी घाईते हुँदै मैदान बाहिरिनु नेपालको लागि राम्रो रहेन ।

पहिलो हाफको ईन्जुरी टाईममा हिरा कुमारी भुजेल र दोस्रो हाफमा दीपा शाहीलाई स्ट्रेचरबाटै बाहिर ल्याउनुपरेको थियो । पहिलो हाफमा नेपालको फिनिसिङ राम्रो नहुँदा गोल गर्न सकेन । दोस्रो हाफमा नेपालले सुरुवातदेखि आक्रमण गरेपनि गोल निकाल्न सकेन ।

नेपालले पहिलो हाफमा गोल गर्ने केही अवसर पाएपनि फिनिसिङ चुस्त हुन नसक्दा अग्रता लिने अवसर गुमायो । पहिलो हाफमा नेपालको सुरुवात सुस्त रह्यो । नेपालको टिम कम्बिनेसमै समस्या देखिएको थियो । १५ मिनेटपछि भने नेपालले लगातार भुटानमाथि आक्रमण गरेपनि गोल गर्न सकेन ।

नेपालले पहिलो अवसर १३ औं मिनेटमा पाएको थियो । रश्मी कुमारी घिसिङले बक्समा राम्रो अवसर पाएकी थिईन् । उनले भुटानी डिफेण्डरलाई छलाएर बक्स भित्रबाट हानेको बल भुटानी गोलकिपर संगिता मोनगरले बचाईन् ।

२० औं मिनेटमा नेपालले अर्को अवसर गुमायो । सविता राना मगरको कर्नरमा गीता रानाले हानेको हेडमा सिक्स यार्ड बक्समा रहेकी नेपालकै अमिसा कार्कीको हेडमा राखेर पोष्टमाथिबाट बाहिरियो ।

२४ औं मिनेटमा रश्मीले फेरि एकपटक राम्रो अवसर पाएकी थिईन् । रश्मीले बक्स भित्र पाएको बल डिफेन्डरलाई छलाएर प्रहनर गरेको बल पोष्टमाथिबाटै बाहिरियो ।

त्यसको दुई मिनेटपछि सरु लिम्बुले पनि अवसर गुमाईन् । प्रिती राईले दिएको पासमा बल अगाडि बढाउँदै बक्स भित्रबाट सरुले हानेको प्रहार पोष्ट नजिकैबाट बाहिरिँदा नेपालले अगता लिने अवसर गुमायो ।

४० औं मिनेटमा भुटानी बक्समा नेपाली फरवार्डहरुले लगातार बल पाएपनि फिनिसिङ चुस्त हुन सकेन । पहिलो हाफमा नेपालको आक्रमणमा भुटानी डिफेन्स लाईन र गोलकिपर संगिताको प्रदर्शन राम्रो रह्यो ।

दोस्रो हाफको सुरुमै प्रशिक्षक राजेन्द्र तामाङले रेनुका नगरकोटे र सरु लिम्बुको स्थानमा रेखा पौडेल र दीपा शाहीलाई मैदान पठाएपछि नेपालले दबाब बनाएको थियो । तर समस्या फिनिसिङमै रह्यो ।

५२ औं मिनेटमा नेपालले गोल गर्ने राम्रो अवसर पाएको थियो । तर भुटानी किपर र डिफेन्सले उत्कृष्ट बचाउ गरे । दीपा शाहीको कर्नरमा रेखा पौडेलले बक्सबाट हानेको प्रहार भुटानी किपर संगिताले बचाईन् ।

पूर्ण रुपमा क्लियर नभएको बल भुटानकी डिफेण्डर जमयाङ छोडेनले क्लियर गरिन् । नजिकै रहेकी अमिसा कार्कीले केही गर्न सकिनन् । त्यसपछि पनि नेपालले लगातार भुटानी किपरले उत्कृष्ट बचाउ गरिन् ।

८३ औं मिनेटमा नेपाली सविता राना मगरले बक्सबाट हानेको लेफ्ट फुटेड प्रहार भुटानी किपर संगिता मोनगरले उत्कृष्ट बचाउ गरिन् । ईन्जुरी टाईममा सविता राना मगर अभागी बनिन् । उनले बक्स बाहिरबाट हानेको प्रहार पोष्टमा लागेर बाहिरियो ।

बराबरीपछि समूह ए मा दुवै टोलीले समान १ अंक जोडेका छन् । नेपालले अब सोमबार माल्दिभ्ससँग खेल्नेछ ।

# अब रवि लामिछानेको सांसद पद के हुन्छ ?



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने पक्राउ परेका छन् । लामिछाने प्रतिनिधिसभा सदस्य हुन् । संविधानको धारा १०३ को उपधारा ६ मा प्रतिनिधि सभा सदस्य पक्राउ भएपछि तत्काल सदनको नेतृत्वकर्तालाई सूचना दिनुपर्ने व्यवस्था छ ।

जहाँ भनिएको छ, 'कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई संघीय कानून बमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन । त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ।'

यस अनुसार अब प्रहरीले सभामुखलाई लामिछाने पक्राउ परेको जानकारी दिनेछ । लामिछानेलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी)ले सहकारीको रकम गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा अपचलन गरेको आरोपमा पक्राउ गरेको हो। जिल्ला अदालत कास्कीबाट पक्राउ अनुमति लिएर सीआइबीले काठमाडौंस्थित रास्वपाको केन्द्रीय कार्यालयबाट पक्राउ गरेको हो ।

सीआइबीले नै लामिछाने पक्राउ परेको सूचना सभामुखलाई दिनेछ । तर, लामिछानेको सांसद पद तत्काल जाने छैन । प्रतिनिधिसभा नियमावलीको नियम २२५ मा प्रतिनिधिसभा सदस्यको पक्राउ र सांसद पद निलम्बन हुने सम्बन्धी व्यवस्था छ । नियमावली २२५ को उपनियम ३ मा प्रचलित कानुन बमोजिम तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई पुर्पक्षको लागि थुनामा रहेको अवस्थामा थुनामा रहेको अवधिभर सांसद पद निलम्बन हुन्छ। अगाडि भनिएको छ,' वा अदालतको आदेश बमोजिम पुर्पक्षको लागि थुनामा बस्नु पर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको अवधिभर निज निलम्बनमा रहनेछ ।'

यो व्यवस्था अनुसार लामिछाने धरौटीमा छुटे भने सांसद पद निलम्बनमा पर्ने छैन । यदि अदालतले लामिछानेलाई पुर्पक्षको लागि थुनामा राख्न आदेश दिए सोही दिनदेखि लामिछानेको सांसद पद स्वत: निलम्बनमा पर्नेछ ।

लामिछाने २०७९ मंसिरमा सम्पन्न चुनावमा चितवन-२ बाट निर्वाचित भएका थिए । नागरिकता सम्बन्धी मुद्दामा उनको सांसद पद खारेज भएपछि २०८० साल वैशाख १० गते त्यस क्षेत्रमा उपनिर्वाचन भएको थियो । उपनिर्वाचनमा पनि लामिछाने नै निर्वाचित भएका थिए ।

# 'ज्वाइँ साब'को व्यापारले जितु र नीतिलाई राहत

काठमाडौं/दीपक-दीपाको समूहबाट अलग भएपछि अभिनेता जितु नेपालले फिल्म 'ह्यारी की प्यारी'मा काम गरे । तर, यसले उनको साख जोगाउन सकेन । फिल्म 'डिजास्टर' हुँदा उनको करिअर नै संकटमा पऱ्यो । लामो अन्योलतापछि 'खजुरे ब्रो'बाट डेब्यु गरेकी अभिनेत्री नीति शाहलाई पनि पहिलो गाँसमै ढुंगा लागेको थियो । तर, उनीहरु दुवैलाई 'ज्वाइँ साब'ले भने ठूलो राहत दिएको छ ।

फूलपाती (असोज २४ गते) बाट प्रदर्शनमा आएको फिल्मले 'ओपनिङ' राम्रो गर्न सकेन । तर, 'वर्ड अफ माउथ'को बलमा विस्तारै फिल्मले गति समात्यो । दशैंको टीकापछि व्यापारमा वृद्धि देखियो । अझै पनि ठूला सहरहरुमा अकुपेन्सी सन्तोषजनक छ । तर, 'छक्का पञ्जा ५' र '१२ गाउँ'को चेपुवामा पर्दा फिल्मको सोज बढ्न सकेको छैन । जसले गर्दा व्यापारको आकार सानो छ । यद्यपि, फिल्मले लगानी उठाउन सक्ने सम्भावना देखिन्छ ।

'ज्वाइँ साब'को व्यापार जितुको 'ह्यारी की प्यारी' र नीतिको 'खजुरे ब्रो'भन्दा उल्लेख्य छ । यो उनीहरुको करिअरकै लागि सुखद् हो । 'ज्वाइँ साब'बाट प्रशंसा भने जितुले पाएका छन् । उनको अभिनयलाई अब्बल मानिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



**हेटौँडा-काठमाडौँको कष्टपूर्ण यात्रा:** हेटौँडा-काठमाडौँ जोड्ने छोटो मार्गका दुई वटा सडक खण्ड बन्द भएपछि कान्तिलोकपथमा लागेको सवारीसाधनको लामो जाम । कच्ची सडक र घण्टौंसम्मको जामले यात्रुहरुलाई यी दुई सहर आवतजावत कष्टपूर्ण बनेको छ । मकवानपुरको कुलेखानी-फाखेल र सिस्नेरी-दक्षिणकाली सडक बन्द गरिएपछि सवारीसाधनहरु कान्तिलोकपथ भएर आवतजावत गरिरहेका छन् । नियमित बाटो बन्द हुँदा वैकल्पिक मार्ग कान्तिलोकपथ-हेटौँडा-ठिंगन-काठमाडौँ रुट प्रयोग हुँदा सवारीको अत्यधिक जाम भएको हो । इन्द्रसरोवर गाउँपालिका-२ सिमखोलामा बनाइएको डाइभर्सनमा ह्युम पाइप राख्नुपरेकाले शुक्रबारदेखि तीन दिनसम्म दुवै सडक बन्द गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जानकारी दिएको छ । वैकल्पिक बाटोसमेत पहिरोले एकतर्फीमात्रै सञ्चालन भएकाले सवारी चालक र यात्रुले सास्ती व्यहोर्दै यात्रा गरिरहेका छन् । *तस्बिर: साझाकुरा ।*

# प्रदेश प्रमुखद्वारा दुई विधेयक प्रमाणीकरण, कृषि विधेयक फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले दुईवटा विधेयक प्रमाणीकरण गरेका छन् । त्रुटी देखिएका एउटा कृषि विधेयक पुन: प्रदेशसभामा पठाइदिएका छन् ।



७ असोजमा बसेको प्रदेश सभा बैठकले पारित गरेको प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश हस्तकला स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश प्रमुख देवकोटाले प्रमाणीकरण गरेका छन् ।

प्रमाणीकरण भएको विधेयक प्रदेश राजपत्रमा प्रकाशित भएपछि मात्रै ऐनको रुपमा लागू हुनेछ । यसैगरी, प्रदेश प्रमुख देवकोटाले 'प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' पुनर्विचारका लागि प्रदेशसभामा फिर्ता पठाए ।

यस विधेयक प्रमाणीकरणका लागि प्रदेशसभाको अघिल्लो बैठकले सर्वसम्मतरुपमा पास गर्दै प्रदेश प्रमुख समक्ष पठाएको थियो । 'प्रदेश प्रमुखले कृषि तथा पुशपन्छी विकास मन्त्री र उद्योग, बाणिज्य, भूमि तथा प्रशासन मन्त्रीसँग आन्तरिक छलफल गरेर विधेयक प्रदेशसभामा फिर्ता पठाउनु भएको हो,' प्रदेश प्रमुख कार्यालय स्रोतले भन्यो । प्रदेशमा कृषि मन्त्री प्रकाश श्रेष्ठ र उद्योग मन्त्री शुकमाया तामाङ छन् ।

प्रदेश प्रमुख देवकोटाले प्रदेश सभाका सभामुखलाई सम्बोधन गरी उक्त विधेयक फिर्ता गरेका हुन् । फिर्ता गरिएको विधेयक सभामा छलफल गरी संसोधनसहित पारित भइ पुन: प्रमाणीकरणको लागि पठाउनु पर्ने संवैधानिक व्यवस्था छ ।

# सहकारी ठगीमा पक्राउ परे रवि लामिछाने

काठमाडौं, २ कार्तिक/ सहकारीको रकम गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा अपचलन गरेको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने पक्राउ परेका छन् ।



जिल्ला अदालत, कास्कीबाट पक्राउ अनुमति लिएर प्रहरीले काठमाडौंस्थित रास्वपाको केन्द्रीय कार्यालयबाट लामिछानेलाई पक्राउ गरेको हो । पक्राउ पर्नुअघि उनले कार्यकर्तालाई संक्षिप्त सम्बोधन गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय, कास्कीले उनलाई पक्राउ गरेर पठाइदिन भन्दै केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) लाई अनुरोध गरेको थियो । त्यसअनुसार ब्यूरोबाट खटिएका प्रहरी उपरीक्षक होविन्द्र बोगटी नेतृत्वको टोलीले उनलाई पक्राउ गरेको हो ।

लामिछानेलाई शुक्रबारै स्थलमार्गबाट जिल्ला प्रहरी कार्यालय, कास्की लैजाने तयारी छ ।

सूर्यदर्शन सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा १६ असोज २०८० पूर्वअध्यक्ष जीबी राई, उनका दाजु भूपेन्द्र राई, अध्यक्ष थानबहादुर बुढा लगायत १९ जना विरुद्ध कास्की अदालतमा मुद्दा दर्ता भएको थियो । पीडितहरुले २२ माघ २०८० मा सभापति लामिछाने सहित १८ जना विरुद्ध कास्की प्रहरीमा फेरि पूरक जाहेरी दिए ।

सहकारीको रकम ग्यालेक्सी टीभीमा लगेर अपचलन गरेको खुलेपछि उनीहरुले लामिछाने सहितलाई प्रतिवादी बनाएर अनुसन्धान गर्न भन्दै प्रहरीमा जाहेरी दिएको जिल्ला प्रहरी कार्यालय कास्कीका एक अधिकृतले बताए । यद्यपि, त्यसबेला अनुसन्धान अघि बढेको थिएन ।

त्यहीबीच प्रतिनिधि सभामा नेपाली कांग्रेसले सहकारी ठगीको मामलामा संसदीय समिति गठन गरेर छानबिन हुनुपर्ने माग निरन्तर राखिरह्यो ।

लामो गतिरोधपछि एमाले सांसद् सूर्य थापाको नेतृत्वमा १५ जेठमा सहकारी समस्याबारे छानबिन गर्न एमाले सांसद् सूर्य थापाको नेतृत्वमा संसदीय विशेष समिति गठन भयो । समितिले सहकारीको रकम अपचलनमा लामिछाने समेतलाई दोषी ठहर गर्दै ४ असोज २०८१ मा प्रतिवेदन बुझायो ।

प्रतिवेदनलाई कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णयसँगै कास्की प्रहरीले यो मामलामा अनुसन्धान अघि बढाएको थियो । तर, लामिछाने नेतृत्वको रास्वपाले भने प्रतिवेदनले उनलाई 'क्लीन चिट' दिएको दाबी गरेको थियो ।

प्रहरीले भने प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा गोर्खा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक छविलाल जोशीलाई ६ असोजमा 'जरुरी पक्राउ पुर्जी' दिएर काठमाडौंबाट नियन्त्रणमा लियो ।

जोशीको परिवारले सर्वोच्च अदालतमा पक्राउ विरुद्ध बन्दी प्रत्यक्षीकरणको रिट दिएको थियो । अदालतले १६ असोजमा उनलाई गैरकानूनी हिरासतमा राखेको भन्न नमिल्ने ठहर गऱ्यो । यद्यपि, दशैं बिदा सुरु हुन लागेको भन्दै धरौटी वा तारेखमा छाड्न ध्यानाकर्षण गराएको थियो ।

तर, कास्की प्रहरीले जोशीलाई छाडेन । ग्यालेक्सी टीभीबाट रवि बाहिरिनुअघि नै छविलालले गोर्खा मिडिया नेटवर्क छाडिसकेका थिए ।

सहकारीको रकम आएका बेला लामिछाने पनि नेटवर्कमा सञ्चालक रहेको भन्दै संसदीय समितिको प्रतिवेदन समेतलाई आधार मानेर प्रहरीले पूरक अभियोग लैजाने तयारीसहित रविलाई पक्राउ गरेको हो ।

लामिछाने 'स्वेट शेयर'का रुपमा १५ प्रतिशत शेयर लिँदै २०७७ सालमा सञ्चालकका रूपमा गोर्खा मिडिया नेटवर्कमा प्रवेश गरेका थिए । तर, संसदीय विशेष छानबिन समितिको प्रतिवेदनमा उनले लिएको भनिएको स्वेट शेयरमाथि पनि प्रश्न उठाइएको छ ।

'रवि लामिछानेले आफूलाई स्वेट शेयर दिएको भनी बताएतापनि प्रथम: स्वेट शेयर सम्बन्धी कानूनी प्रबन्ध नेपालमा रहे वा भएको नदेखिएको तथा निज सञ्चालकहरुका बीचमा एकापसमा श्वेट शेयर लिने-दिने सम्बन्धमा कुनै सम्झौता भएको लिखत प्रमाण समेत रहे भएको अवस्था देखिंदैन', प्रतिवेदनमा भनिएको छ ।

लामिछानेले चुनाव लड्ने भन्दै १ असार २०७० मा गोर्खा मिडिया नेटवर्कले सञ्चालन गरेको ग्यालेक्सी टिभी छाडेका थिए ।

टिभीका मुख्य सञ्चालक एवं सहकारी ठगी प्रकरणका मुख्य आरोपी जीबी राई हालसम्म फरार छन् । उनी विरुद्ध अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मा रेड नोटिस जारी छ । उनी मलेसियामा रहेको आशंका छ । यद्यपि, हालसम्म पक्राउ परेका छैनन् ।

# मकवानपुरमा भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ मकवानपुरमा कात्तिक २ गते शुक्रबार र ३ गते शनिवार भिटामिन 'ए' र जुकाको औषधी खुवाउन सुरु गरिएको छ । जिल्लामा भिटामिन 'ए' खाने ६ देखि ५९ महिना उमेरसम्मका करिब ३२ हजार दुई सय ४२ जना बालबालिका रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

२९ हजार १ सय २२ जना बालबालिकालाई जुकाको औषधी पनि खुवाइने भएको छ । एक वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी खुवाइने जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । मकवानपुर जिल्लाका १० वटा पालिकामध्ये सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकामा १२ हजार ६ सय ६३ जना बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाइदैछ भने ११ हजार ४५३ जना बालबालिकालाई जुकाको औषधि खुवाइँदैछ ।

सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाका ७ सय ८८ बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल र ७ सय ११ बालबालिकालाई जुकाको औषधि खुवाइदैछ । औषधी खुवाउन जिल्लाभर ४ सय ७२ जना महिला स्वास्थ्य स्वयम्सेविका परिचालन गरिएको कार्यालयले जनाएको छ ।

# कृषि औजार कारखाना हेर्न पुगे बागमतीका दुई मन्त्री



साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकासमन्त्री प्रकाश श्रेष्ठ र वनमन्त्री कृष्णप्रसाद सिलवालले बीरगञ्जस्थित कृषि औजार कारखाना अवलोकन गरेका छन् ।

अवलोकनका क्रममा मन्त्री श्रेष्ठ र सिलवालले कारखाना सञ्चालनका लागि सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । कारखानाको पुन:संचालनका लागि महाविर पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रले काम गरिरहेको छ । मन्त्री श्रेष्ठले बागमती प्रदेशका किसानहरुलाई आवश्यक पर्ने कृषि तथा अन्य औजारहरु स्थानीय स्तरमै उत्पादन गर्न जोड दिए ।

बजारको माग र भौगोलिक विशेषता अनुरुपका औजार उपकरण निर्माण गनुपर्ने उनको भनाई छ । यसअघि चीन र भारत लगायत विदेशबाट आयात गरिने कृषि औजारहरु अब स्वदेशमै उत्पादन गर्ने लक्ष्य रहेको मन्त्री श्रेष्ठले बताए । यसले विदेशी मुद्रा सञ्चिति बढाउन मद्दत गर्ने मन्त्री श्रेष्ठको विश्वास छ ।

राष्ट्रिय आविष्कार केन्द्रका इन्जिनियर रितेश देवले केन्द्रमा भइरहेका कामबारे मन्त्री श्रेष्ठ र सिलवाललाई जानकारी गराए । मन्त्री श्रेष्ठ र सिलवालले आगामी आर्थिक वर्षको बजेटमा कारखाना सञ्चालनका लागि आवश्यक रकम विनियोजन गर्ने आश्वासन दिए ।

# कसले चोऱ्यो हेटौंडा सिमेन्ट उद्योगको लाखौं मुल्यको तार ?

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा लाखौं मुल्यको तार चोरी भएको घटना सार्वजनिक भएको छ । घटना भएको हप्ता दिन बितेपछि घटना बाहिर आएको हो ।



चोरी भएको हप्ता दिन बित्दा पनि घटना गुपचुपमै राख्नु रहस्यमय बनेको छ । हेटौंडा-९, लामसुरेमा रहेको उद्योगमा असोज २२ गते राति १० लाख भन्दा बढी मुल्यको क्रसरमा प्रयोग हुने तार चोरी भए पनि यस विषयमा प्रहरी-प्रशासन बेखबर रहेको छ ।

उद्योग प्रशासनले प्रहरीलाई जानकारी गराएको बताए पनि प्रहरीले भने आफूहरुलाई जानकारी नै नभएको प्रतिक्रिया दिएको छ । 'उद्योगमा चोरी भएको सत्य हो । हामीले यस विषयमा उद्योगमा सुरक्षा प्रदान गर्ने गार्ड कम्पनीसँग छलफल गरिसकेका छौं । असुलउपर गर्ने प्रक्रिया समेत अगाडि बढेको छ,' उद्योग सञ्चालक समितिका अध्यक्ष नरेन्द्र भण्डारीले भने । उनका अनुसार प्राविधिक टोलीले चोरी भएको वस्तुको मूल्य निर्धारण गर्ने काम गरिरहेको छ ।

उद्योगमा काठमाडौंको बज्र सेक्युरिटी कम्पनीले सुरक्षा प्रदान गर्दै आइरहेको छ । मकवानपुर प्रहरी प्रमुख उपरीक्षक विश्वराज खड्काले घटनाको विषयमा आफूहरुले बिहीबार साँझमात्र जानकारी पाएको बताए । प्रहरी प्रमुख खड्काले उद्योगको सुरक्षाका लागि राखिएको गार्डले घटनाको विषयमा खबर नगर्नुले घटना रहस्यमय रहेको बताए । प्रहरी उपरीक्षक खड्काले उद्योगलाई सुरक्षा दिन आफूहरु तयार रहेको र त्यसविषयमा उद्योग प्रशासनले चासो दिनुपर्ने बताए ।

# हिरा र दीपाले बाँकी खेल गुमाउने सम्भावना

काठमाडौं, २ कार्तिक/ नेपाली खेलाडी हिरा कुमारी भुजेल र दीपा शाहीले साफ वुमन्स च्याम्पियनसिप २०२४ को बाँकी खेल गुमाउने सम्भावना बढेको छ ।



च्याम्पियनसिप अन्तर्गत शुक्रबार भएको पहिलो खेलमा नेपाल भुटानसँग गोलरहित बराबरीमा रोकिँदा हिरा र दीपा घाइते भएका थिए । उनीहरु दुवैलाई स्ट्रेचरमा राखेरमा राखेर मैदान बाहिर ल्याईएको थियो।

पहिलो रोजाईमा खेलेकी डिफेण्डर हिरा पहिलो हाफको मैदानमा घाईते हुँदै मैदान छाड्न बाध्य भएकी थिइन् । उनलाई एम्बुलेन्समा राखेर हस्पिटल नै लगिएको थियो ।

र दोस्रो हाफको सुरुवातमै मैदान प्रवेश गरेकी दीपा दोस्रो हाफमा घाईते भइन् । खेलपछि पोष्ट म्या कन्फ्रेन्समा नेपालका मुख्य प्रशिक्षक राजेनणद्र तामाङले दुवै खेलाडीले अब आराम गर्ने र बाँकी खेल गुमाउने सम्भावना रहेको बताए ।

'घाईते दुवै खेलाडी रेस्टमा हुन्छन् अब । घुँडामा एसिएलमा समस्या देखिएको छ । दुवले बाँकी गेम गुमाउन सक्छन् ।'

घाइते भएकी हिराको स्थानमा विमला विक मैदान प्रवेश गरेकी थिएन् । यस्तै सरु लिम्बुको स्थानमा मैदान प्रवेश गरेकी दीपाको स्थानमा अनिता केसी मैदान प्रवेश गरेकी थिईन् ।

मुख्य प्रशिक्षक तामाङले नेपाली खेलाडी गोल गर्नै हतार गर्दा भुटान विरुद्ध गोल नभएको बताए ।' आज गोल भएन । ठूलो कुरा त्यही हो । गोल हुनुपर्ने भएन ।

मिडफिल्डमा पोजिसनमा ध्यान दिनुपर्ने भएन । सुरुमा गोल गर्न हतार भयो । हाम्रो गुड लिडर भएन । चान्स पाएपनि हतार गरे ।' प्रशिक्षक तामाङले भने ।

तामाङले गोलमेसिन साम्बा नहुँदा अन्य खेलाडीले चान्स पाएपनि सदुपयोग गर्न नसकेको बताए । 'मुख्य कुरा हाम्रो गोल मेसिन सावित्रा भण्डारी साम्बा हो । उ हामीसँग छैन । भएको खेलाडीले चान्स पनि पायो तर टार्गेटमा भएन ।' तामाङले भने ।

'आज दुर्भाग्य थियो गोल भएन तर फुटबल हो । भुटानले राम्रो तयारी गरेर आछ भनेर मैले पहिले भनेको थिएँ । १ अंक पायौं । ठिकै छ ।'


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

## बालबालिकाका लागि भिटामिन ए र जुकाको औषधी खुवाउनेबारे सूचना !

बालबालिकाहरुका लागि हरेक वर्ष राष्ट्रिय 'भिटामिन ए' खुवाउने कार्यक्रम अनुसार यही २०८१ कार्तिक ०२ र ०३ गते सञ्चालन हुने भएको छ । उक्त कार्यक्रममा नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत ६ महिनादेखि ५९ महिना उमेर समूहसम्मको बालबालिकाहरुलाई भिटामिन ए र १ वर्षदेखि ५ वर्ष उमेर सम्मका बालबालिकालाई जुकाको औषधी खुवाऔं । याद गरौं यही कार्तिक ०२ र ०३ गते ६ महिनादेखि ५९ महिना सम्मका बालबालिकालाई भिटामिन र १ देखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी खुवाइँदैछ । उक्त कार्यक्रममा नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्य संस्थामा सम्पर्क गरी आफ्नो बालिकालिकालाई भिटामिन र जुकाको औषधी खुवाऔं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना